# मुद्दा टिपोट सम्बन्धी निर्देशिका २०७२

सर्वोच्च अदालत

२०७२

# मुद्दा टिपोट सम्बन्धी निर्देशिका, २०७२

सर्वोच्च अदालत , पुनरावेदन अदालत , विशेष अदालत , बैदेशिक रोजगार न्यायाधिकरण , राजश्व न्यायाधिकरण र जिल्ला अदालतमा रहेका मुद्धाको मिसिलमा संलग्न प्रमुख लिखतहरुको टिपोट गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनिय भएको र जिल्ला अदालत नियमावली २०५२ को नियम ८१ र ८२ तथा पुनरावेदन अदालत नियमावली २०४८ को नियम ५७ र ५८ का व्यवस्थाहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्ने भएकाले सर्वोच्च अदालत नियमावली , २०४९ को नियम ११६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो निर्देशिकाको नाम "मुद्धा टिपोट सम्बन्धी निर्देशिका २०७२" रहेको छ।

(२) यो निर्देशिका सर्वोच्च अदालतले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;–

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत , पुनरावेदन अदालत , विशेष अदालत , बैदेशिक रोजगार न्यायाधिकरण, राजश्व न्यायाकिकरण वा जिल्ला अदालतलाई सम्झनु पर्छ ।

(ख) "टिपोट" भन्नाले अदालतमा रहेका मुद्धाको मिसिलमा संलग्न रहेका महत्वपूर्ण लिखत वा कागजातहरुको भाव अन्यथा नहुने गरी संक्षेपि करण गरी यसै निर्देशिका बमोजिमको ढाँचामा तयार गरिएको टिपोट सम्झनु पर्छ र सो शब्दले जिल्ला अदालत नियमावली , २०५२ को नियम ८१ र ८२ तथा पुनरावेदन अदालत नियमावली , २०४८ को नियम ५७ र ५८ मा उल्लिखित टिपोट किताव समेतलाई जनाउँछ ।

(ग) " विद्युतीय प्रणाली" भन्नाले मुद्दाको कार्यविधि ब्यवस्थित गर्नका लागि तयार गरी कम्प्यूटर संजालमा आवद्ध अदालतमा प्रयोगमा रहेको गरिएको कम्प्यूटर सफ्टवेयरमा आधारित प्रणाली सम्झनु पर्छ ।

## परिच्छेद – २

## लिखतको विद्युतीय प्रति र मुद्धा टिपोट

३. **<u>लिखत साथ पेश भएको विद्युतीय प्रति सुरक्षित राख्नु पर्नेः</u>** (१) कुनै व्यक्ति वा निकायले अदालत समक्ष मुद्दा दर्ता गर्न ल्याउँदा प्रचलित नियमावली बमोजिम पेश गरेको फिरादपत्र, निवेदनपत्र, अभियोगपत्र, पुनरावेदनपत्र आदिजस्ता मुद्दाको उठान हुने लिखतको विद्युतीय प्रति दफा ६ को प्रयोजनका लागि अदालतले मुद्दाको विद्युतीय प्रणालीमा आवद्ध गरी सुरक्षित राख्नु पर्नेछ ।

(२) कुनै व्यक्ति वा निकायले अदालत समक्ष विचाराधिन कुनै मुद्दासंग सम्बन्धित विषयमा प्रचलित नियमावली बमोजिम प्रतिउत्तरपत्र, लिखित जवाफ, वहस नोट निवेदनपत्र आदि जस्ता लिखत दर्ता गर्न ल्याउँदा पेश गरेको सो लिखतको विद्युती य प्रति लाई दफा ६ को प्रयोजनका लागि अदालतले उक्त मुद्दाको विद्युतीय प्रणालीमा आवद्ध गरी सुरक्षित राखु पर्नेछ ।

४. **विद्युतीय प्रतिको प्रमाणिकरणः** दफा ३ बमोजिम अदालतमा लिखत साथ पेश गरिएको विद्युतीय प्रति लिखत बमोजिम दुरुस्त रहेको व्यहोरा लिखत पेश गर्ने सम्बन्धित व्यक्ति वा निकायले प्रमाणित गर्नु पर्नेछ ।

५. **मुद्धा टिपोट गर्नुपर्ने निकायः** मुद्धा टिपोट गर्नुपर्ने अदालत र निकायहरु देहाय बमोजिम रहेका छन्ः–

(क) सर्वोच्च अदालत,

(ख) पुनरावेदन अदालत,

(ग) विशेष अदालत,

(घ) बैदेशिक रोजगार न्यायाधिकरण,

ङ) राजश्व न्यायाधीकरण, र

(च) जिल्ला अदालत,

६. **लिखत दर्ता हुनासाथ टिपोट गर्नुपर्नेः** (१) दफा ३ बमोजिम अदालतको विद्युतीय प्रणालीमा सुरक्षित राखिएको लिखत र सोको विद्युतीय प्रतिका आधारमा अदालतले लिखत दर्ता हुनासाथ तीन दिन भित्र सो लिखतको भावमा अन्यथा नहुने गरी मुख्य अंशको टिपोट गरी सोको विद्युतीय प्रति उक्त मुद्दाको विद्युतीय प्रणालीसंग आवद्ध गरी राखु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको टिपोट भएको मुद्दामा अदालतबाट भएको आदेश वा अदालतको आदेश वमोजिम पेश भएका लिखतको मुख्य अंश तत्कालै टिपोट गरी उपदफा (१) बमोजिमको टिपोटमा थप गरी सुरक्षित राखु पर्नेछ ।

७. **नियमित रुपमा मुद्धा टिपोट गर्नुपर्नेः** (१) अदालतले आकस्मिक रुपमा गर्नुपर्ने टिपोट वाहेक सामान्यतया अदालतमा रहेको मुद्धाको मिसिलमा संलग्न महत्वपूर्ण लिखत वा कागजातहरुको सिलसिला मिलाई नियमित रुपमा टिपोट गरी गराई सोको विद्युतीय प्रति उक्त मुद्दाको विद्युतीय प्रणालीसँग आवद्ध गरी राखु पर्ने छ ।

(२) अदालतले मिसिलमा समयक्रम संगै थपहुंदै जाने लिखतहरुको समेत उपदफा (१) बमोजिमको टिपोटमा थप टिपोट गर्दै जाने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) मुद्दा सुनुवाईको लागि इजलास समक्ष पेश हुनुपूर्व उपदफा (२) बमोजिम तयार गरेको टिपोट छपाई गरी मिसिलको अग्रभागमा सामेल गर्नु पर्नेछ ।

(४) इजलाससमक्ष निर्णयको लागि मुद्दा पेश गर्नुभन्दा अगावै मुद्दाको टिपोट भएको कुराको सुनिश्चितता गर्नु सम्बन्धित अदालत वा निकायको रजिष्ट्रार वा श्रेस्तेदारको कर्तव्य हुनेछ ।

(५) मुद्धा टिपोट भै सकेकोमा सम्बन्धित अदालत वा निकायको रजिष्ट्रार वा श्रेस्तेदारले उक्त टिपोटमा उल्लिखित कुराहरु मिसिलमा भिडाई जाँच गर्ने व्यवस्था मिलाई टिपोट दुरुस्त र अध्यावधिक भएको कुराको सुनिश्चितता गर्नु पर्नेछ ।

(६) अदालतले यस निर्देशिका बमोजिम भएको मुद्दा टिपोटको विद्युतीय प्रति सम्बद्ध मुद्दाको विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिलमा सो व्यहोरा जनाउनु पर्नेछ ।

(७) अदालतले माथिल्लो अदालतमा मिसिल पठाउँदा यस निर्देशिका बमोजिम तयार भएको टिपोटको लिखित प्रति साथै राखि पठाउनु पर्नेछ ।

८. **विद्युतीय प्रणालीमा लिखत प्रविष्ट भएको कुराको सुनिश्चितता गर्नुपर्नेः** (१) रजिष्ट्रार वा श्रेस्तेदारले अदालतमा दर्ता हुन आएका र अदालतबाट भएका आदेश लगायत का लिखतहरुको सक्कल प्रतिलाई अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी गराई यस निर्देशिका वमोजिम सुरक्षित गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम विद्युतीय प्रणालीमा आवद्ध गरी राखिएको लिखतको सूची यस निर्देशिका बमोजिम भएको मुद्दा टिपोटको विद्युतीय प्रतिमा उल्लेख हुनु पर्नेछ ।

(३) मुद्दा हेर्ने अधिकारीले मुद्दा टिपोटमा उल्लेख भएको कुनै कुरामा मूल लिखतबाट भिडाउन चाहेमा वा थप टिपोट गराउन चाहेमा मुद्दाको मिसिलमा रहेको लिखतको सक्कत प्रति वा विद्युतीय प्रणालीमा प्रविष्ट गरिएको सक्कल लिखतको प्रति हेरी त्यस्तो कार्य गर्न लगाउन सक्नेछ ।

## परिच्छेद – ३

## मुद्धा टिपोट गर्दा ध्यान दिनु पर्ने कुराहरु

९. **मिसिलमा संलग्न मुख्य लिखत र महत्वपूर्ण कागजातको टिपोट गर्नुपर्नेः** जुनसुकै मुद्धाको कारवाहीको क्रममा अदालतमा दर्ता हुन आएका वा अदालतबाट सिर्जना भई मिसिल संलग्न रहेका मुख्य लिखत र महत्वपूर्ण कागजातको क्रमबद्ध रुपमा टिपोट गरी सोको विद्युतीय प्रति उक्त मुद्दाको विद्युतीय प्रणालीसँग आवद्ध गरी राखु पर्नेछ ।

१०. **मुद्धा टिपोट गर्दा ध्यान दिनु पर्ने कुराहरुः** मुद्दा टिपोट गर्दा टिपोटकर्ता र टिपोट जाँचकर्ताले देहायको विषयमा ध्यान पुर्या्उनु पर्दछः

(क) मुद्धा टिपोट यस निर्देशिकाको अनुसूची बमोजिमको ढाँचामा तयार गर्नुपर्ने,

(ख) मुद्धा टिपोट गर्दा लिखतको मुल आसयलाई अन्यथा नहुने गरी स्पष्ट वुझिने भाषामा टिपोट गर्नु पर्ने,

(ग) मुद्धा टिपोटमा प्रकरण छुट्याई हरेक प्रकरणको सिलसिला नम्बर र शीर्षक समेत दिनुपर्ने,

(घ) खण्ड (ग) बमोजिमको शीर्षकमा नै लिखतको मिति र कसको भनाई वा कुन अड्डाको पत्र हो सो कुरा उल्लेख हुनुपर्ने,

(ङ) एउटा लिखतको व्यहोराको टिपोटलाई सकेसम्म एउटै अनुच्छेदमा अटाउने गरी टिपोट गर्नुपर्ने,

(च) मुद्धाको मिसिलमा रहेका लिखतको मिति क्रम अनुसार अघिल्लो मितिको लिखतको व्यहोरा अगाडि र त्यसपछिका लिखतको व्यहोरा पछि उल्लेख गर्नुपर्ने,

(छ) टिपोटको विद्युतीय प्रति तयार गरी सोमा टिपोटकर्ताको नाम उल्लेख भएको हुनुपर्ने,

(ज) यस निर्देशिका बमोजिम तयार गरिएको मुद्धा टिपोटको छापिएको प्रतिमा टिपोटकर्ता र प्रमाणित गर्ने अधिकृतले सही गरेको हुनुपर्ने,

(झ) प्रत्येक पटक टिपोट अध्यावधिक गर्दा त्यसरी अध्यावधिक गर्ने टिपोट कर्ताको नाम उल्लेख भएको हुनुपर्ने,

(ञ) टिपोट भै सकेको मुद्धामा कुनै थप लिखत तयार भएमा वा पेश हुन आएमा सो लिखतको व्यहोरा समेत टिपोटमा समावेश गरी अद्यावधिक गर्दै जानु पर्ने,

(ट) मुद्धा टिपोटमा उल्लेख भएको कुनै व्यहोरा थपघट वा हेरफेर गर्न आवश्यक देखेमा न्यायाधीश वा मुद्धा हेर्ने अधिकारीले जुनसुकै वखत पनि त्यस्तो थपघट वा हेरफेर गर्न लगाउन सक्ने, र

(ठ) मुद्धा टिपोटकर्ता वा सोको जाँच गर्ने अधिकृतले टिपोटमा आफ्नो विचार , राय वा कुन कानूनको प्रयोग कसरी गर्ने भन्ने व्यहोरा उल्लेख गर्न नहुने ।

११. **<u>नियमावलीको व्यवस्था पालना गर्नुपर्नेः</u>** मुद्दा टिपोट गर्दा यस निर्देशिकामा लेखिएका कुराहरुका अतिरिक्त जिल्ला अदालत नियमावली , २०५२ र पुनरावेदन अदालत नियमावली , २०४८ मा रहेको टिपोट सम्बन्धी व्यवस्था र न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीको निर्देशन लाई अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

## परिच्छेद – ४

## मुद्धा टिपोटको प्रयोग

१२. **<u>टिपोटको प्रयोगः</u>** (१) प्रचलित कानून एवं यस निर्देशिका बमोजिम भएको टिपोटको प्रयोग देहाय बमोजिम हुनेछः

(क) मिसिल निरिक्षणको प्रयोजनका लागि,

(ख) मुद्धाको अवस्थाबारे जानकारी लिने प्रयोजनका लागि,

(ग) मुद्दा सुनुवाईको क्रममा इजलासले मुद्दाको तथ्यबारे जानकारी लिने प्रयोजनका लागि,

(घ) मुद्धामा भएको आदेश तथा सोको कार्यान्वयन अवस्थाबारे जानकारी लिने प्रयोजनका लागि,

(ङ) मुद्धा छिटो फैसला गर्ने प्रयोजनका लागि,

(च) मुद्धाको फैसला छिटो तयार गर्ने प्रयोजनका लागि,

(छ) पुनरावेदन दर्ताको प्रकृयालाई सहजिकरण गर्ने प्रयोजनका लागि ।

(२) प्रचलित कानून एवं यस निर्देशिका बमोजिम भएको टिपोटलाई मुद्धाको फैसला तयार गर्दा पुरै, आंशिक वा परिमार्जन सहित प्रयोगमा ल्याउन सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस निर्देशिका बमोजिम तयार गरिएको टिपोट न्यायाधीश वा मुद्धा हेर्ने अधिकारीले उपयुक्त सम्झेको अन्य जुनसुकै प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ ।

१३. **<u>मुद्धा टिपोटको नक्कल सम्बन्धी व्यवस्थाः</u>** (१) अदालतमा रहेको मिसिल संलग्न टिपोटको नक्कल पाउन मुद्धाका पक्ष वा कानून व्यवसायीले निवेदन दिएमा प्रचलित कानून बमोजिम त्यस्तो टिपोटको नक्कल उपलव्ध गराईने छ ।

(२) उपदफा (१) बमोजिम उपलव्ध गराईएको मुद्दा टिपोटको नक्कलमा जे सुकै कुरा उल्लेख भएतापनि मुद्दाको रोहमा मुद्दाको मिसिलमा संलग्न रहेको लिखतलाई नै आधिकारिक मानिनेछ ।

१४. **<u>टिपोट मिसिल संलग्न गरी पठाउनु पर्नेः</u>** मुद्दाको मिसिल जुनसुकै प्रयोजनका लागि अन्य अदालत वा निकायमा पठाउँदा मुद्दा टिपोटको प्रमाणित प्रति साथै राखि पठाउनु पर्नेछ ।

## परिच्छेद – ५

## मुद्धा टिपोटको अनुगमन

१५. **<u>मुद्धा टिपोटको अनुगमनः</u>** (१) रजिष्ट्रार वा श्रेस्तेदारले मुद्धा टिपोट नियमित रुपमा भए नभएको कुराको अनुगमन गर्नु पर्नेछ ।

(२) न्यायाधीश वा मुद्धा हेर्ने अधिकारीले मुद्धा टिपोट भए नभएको र भएको भए सही रुपमा भए नभएको कुराको जुनसुकै वखत अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१६. **<u>मुद्धा टिपोटलाई मूल्याङ्कनको आधार बनाईनेः</u>** जिल्ला अदालत नियमावली, २०५२ को नियम ८१ र ८२ तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ५७ र ५८ मा उल्लिखित कुराहरुका अतिरिक्त यस निर्देशिकामा उल्लिखित कुराहरुको पालनाको विषयलाई समेत अदालत एवं सम्बन्धित श्रेस्तेदार वा रजिष्ट्रारको मूल्याङ्कनको आधार बनाईनेछ ।

१७. **<u>अदालतको निरिक्षणको क्रममा मुद्धा टिपोट समेतलाई हेरिनेः</u>** (१) प्रचलित कानून बमोजिम हुने अदालतको निरीक्षणको क्रममा मुद्धा टिपोटको विषयलाई समेत समावेश गरी हेरिनेछ ।

(२) उपदफा (१) बमोजिम हेर्दा कुनै मुद्धामा टिपोट भएको नपाईएमा वा सही रुपमा टिपोट भएको नदेखिएमा निरिक्षण गर्ने पदाधिकारीले सो व्यहोरा निरिक्षण प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद – ६

## मुद्धा टिपोटको लागि प्रयोग हुने जनशक्ति र वचाउ

१८. **<u>मुद्धा टिपोटको लागि जनशक्ति व्यवस्थापनः</u>** रजिष्ट्रार वा श्रेस्तेदारले अदालतमा उपलव्ध जनशक्तिको प्रयोग गरी मुद्धा टिपोटको कार्य गराउनु पर्नेछ ।

१९. **<u>बचाउः</u>** (१) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा देहाय बमोजिम हुनेछः-

(क) मुद्दामा टिपोट नभएको वा लिखतको विद्युतीय प्रति नभएको कारणले मात्र मुद्दाको सुनुवाई गर्न बाधा पर्ने छैन ।

(ख) मुद्दामा टिपोट नभएको वा लिखतको विद्युतीय प्रति नभएको कारणले मात्र प्रचलित कानून बमोजिम भए गरेको काम कारवाही अमान्य वा वदर हुने छैन ।

**अनुसूची–१**

**सर्वोच्च अदालतको मुद्धा टिपोटको ढाँचा (क)**

सर्वोच्च अदालत

देवानी तर्फको पुनरावेदन मुद्दाको टिपोट

(आन्तरिक प्रयोजनका लागि)

मुद्दाः

संवत २०.... सालको दे.पु.नं....

पुनरावेदनपत्र/मुद्दा दर्ता मितिः

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री...................................... पुनरावेदक/वादी /प्रतिवादी

बिरुद्ध

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री................................. विपक्षी/प्रत्यर्थी/वादी /प्रतिवादी

**मुद्दा कारवाहीको संक्षिप्त विवरण**

| | |
|---|---|
| शुरु अदालतः | शुरु अदालतबाट फैसला भएको मितिः |
| शुरु तहमा फैसला गर्ने न्यायाधीशको नामः | शुरु फैसलाको संक्षिप्त व्यहोराः |
| शुरु फैसला सुनि पाएको/फैसलाको नक्कल लिएको मितिः | पुनरावेदक /प्रत्यर्थी थुनामा रहेको भए निजको नामः |
| पुनरावेदक /प्रत्यर्थी थुनामा रहेको मितिः | शुरु अदालतबाट पुनरावेदन गर्ने म्याद दिए नदिएको व्यहोराः |
| पुनरावेदन अदालतमा पुनरावेदन म्याद पाउने सवैको पुनरावेदन गर्ने म्याद भुक्तान भए नभएको व्यहोराः | पुनरावेदन अदालतको नामः |
| पुनरावेदन अदालतमा पुनरावेदनपत्र दर्ता मितिः | पुनरावेदन अदालतमा प्रत्यर्थि झिकाउने /दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने आदेश गर्ने न्यायाधीशको नामः |
| पुनरावेदन अदालतमा प्रत्यर्थि झिकाउने /दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने आदेश भएको मितिः | पुनरावेदन अदालतमा प्रत्यर्थि झिकाउने आदेश भएकोमा सबै प्रतिवादीहरु हाजिर भए नभएको व्यहोराः |
| पुनरावेदन अदालतमा हाजिर हुने प्रत्यर्थीको नामः | पुनरावेदन अदालतमा फैसला गर्ने न्यायाधीशको नामः |

| | |
|---|---|
| पुनरावेदन अदालतमा गैरहाजिर हुने प्रत्यर्थीको नामः | |
| पुनरावेदन अदालतको फैसला मितिः | पुनरावेदन अदालतको फैसलाको मुख्य व्यहोराः |
| पुनरावेदन अदालतले पुनरावेदन गर्ने म्याद दिए नदिएको व्यहोराः | पुनरावेदन अदालतको फैसलाको जनाउ पाएको/नक्कल लिएको मितिः |
| पुनरावेदन अदालतले दिएको पुनरावेदन गर्ने म्याद रित पुर्वक तामेल भए नभएको व्यहोराः | सर्वोच्च अदालतमा पुनरावेदन म्याद पाउने सवैको पुनरावेदन गर्ने म्याद भुक्तान भए नभएको व्यहोराः |
| सर्वोच्च अदालतमा म्याद भित्र पुनरावेदन गर्नेको नामः- | सर्वोच्च अदालतमा म्याद भित्र पुनरावेदन नगर्नेको नामः- |
| सर्वोच्च अदालतमा पुनरावेदनपत्र /निवेदनपत्र दर्ता मितिः- | सर्वोच्च अदालतमा विपक्षी झिकाउने/ दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने / मुद्धा दोहोर्याउने निस्सा प्रदान गर्ने/पुनरावेदन अनुमति प्रदान गर्ने/ पुनरावलोकनको निस्सा प्रदान गर्ने माननीय न्यायाधीशको नामः |
| सर्वोच्च अदालतमा विपक्षी झिकाउने / दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने / मुद्धा दोहोर्याउने निस्सा प्रदान गर्ने/पुनरावेदन अनुमति प्रदान गर्ने / पुनरावलोकनको निस्सा प्रदान गर्ने आदेश भएको मितिः | सर्वोच्च अदालतमा प्रत्यर्थि झिकाउने आदेश /मुद्धा दोहोर्याउने निस्सा प्रदान गर्ने/पुनरावेदन अनुमति प्रदान गर्ने / पुनरावलोकनको निस्सा प्रदान गर्ने भएकोमा सबै प्रतिवादीहरु हाजिर भए नभएको व्यहोराः |
| सर्वोच्च अदालतमा हाजिर हुने प्रत्यर्थीको नामः<br>सर्वोच्च अदालतमा गैरहाजिर हुने प्रत्यर्थीको नामः | शुरु मिसिल प्राप्त भए नभएको व्यहोरा र सोको संख्याः |
| प्रमाण मिसिल प्राप्त भए नभएको व्यहोरा र सोको संख्याः | जिल्ला अदालतको फैसला साधकको रुपमा जाँचेको नजाँचेको व्यहोराः- |
| मेलमिलापमा पठाउने आदेशः- | मेलमिलापमा पठाउने आदेश भएको मितिः- |
| लगाउका मुद्दाहरु कुनै भए सो मुद्दाको विवरणः | मुद्धा हेर्न नमिल्ने माननीय न्यायाधीशको नामः |
| पक्ष विपक्षले पेश गरेको लिखत र अदालतका फैसलामा उल्लेख भएको सम्बद्ध नजिरहरुः- | मुद्दासंग सम्बन्धित कानूनः- |
| कुनै चिज वस्तु वा लिखत जाँच गर्ने नमुना लिने नक्सा गर्ने लिखत झिकाउने विशेषज्ञ वुझ्ने लगायतका मुद्दासंग सम्बन्धित कुनै विषयमा कुनै आदेश भएको भए सोको व्यहोराः- | आदेश मितिः- |
| अदालतबाट भएको आदेश बमोजिम हुन लेखि पठाएको /खटाएको /सूचना दिएको मितिः- | आदेश वमोजिम कार्य सम्पन्न प्रतिवेदन /काम तामेल भएको वा सोको जानकारी प्राप्त भएको मितिः- |

| | |
|---|---|
| पुनरावेदक पक्षबाट पेशी हटाएको पटकः- | पुनरावेदकबाट पेशी हटाएको पछिल्लो मितिः- |
| विपक्षी/प्रत्यर्थीबाट पेशी हटाएको पटकः- | विपक्षी/प्रत्यर्थी पक्षबाट पेशी हटाएको पछिल्लो मितिः- |
| पुनरावेदकको कानून व्यवसायीको नामः- | विपक्षी/प्रत्यर्थीको कानून व्यवसायीको नामः- |
| पेशी मितिः- | हेर्दा हेर्दै भए सो व्यहोराः- |
| निर्णय सुनाउने मिति तोकिएको भए सो व्यहोराः- | फैसला मितिः- |

पुनरावेदन अदालत...... / विषेश अदालत...... /...... न्यायाधिकरण.......को मिति ..........को फैसला / आदेश उपर न्याय प्रशासन ऐन , २०४८ को दफा ९ बमोजिम वादी /प्रतिवादी ....... को तर्फबाट यस अदालतमा पुनरावेदन परेको;

वा

न्याय प्रशासन ऐन , २०४८ को दफा १२ बमोजिम वादी /प्रतिवादी ....... को तर्फबाट मुद्धा दोहोर्याई हेरी पाउन परेको निवेदनमा यस अदालतबाट मुद्धा दोहोर्याई हेर्ने निस्सा प्रदान भई पुनरावेदनको रुपमा दायर भएको;

वा

राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम वादी /प्रतिवादी ....... को तर्फबाट पुनरावेदनको लागि अनुमति पाउन परेको निवेदनमा यस अदालतबाट पुनरावेदन गर्ने अनुमति प्रदान भई पुनरावेदनको रुपमा दायर हुन आएको;

वा

न्याय प्रशासन ऐन २०४८ को दफा ११ बमोजिम वादी /प्रतिवादी ....... को तर्फबाट पुनरावलोकनको लागि परेको निवेदनमा यस अदालतबाट पुनरावलोकन गर्ने निस्सा प्रदान भई पुनरावेदनको रुपमा दायर हुन आएको;

प्रस्तुत मुद्धाको संक्षिप्त टिपोट यस प्रकार छः

(लिखत वा कागजातको मितिका आधारमा क्रम मिलाई टिपोट गर्नु पर्ने)

१. फिराद दावी

२. प्रतिउत्तर जिकिर

३. मुद्दाको कारवाई प्रकृयाको सिलसिलामा मिसिलमा संलग्न रहने निम्न लिखत वा कागजातहरु मध्ये जे जुन संलग्न छन् ति लिखत वा कागजातको मितिको क्रम मिलाई टिपोट गर्नेः

- क. सुरु अदालतबाट भएका साक्षी वुझ्ने , नाप नक्सा गर्ने, तायदाती पेश गर्ने, प्रमाण परीक्षण गर्ने, कागज प्रमाण झिकाउने लगायतका आदेशको व्यहोरा
- ख. वादीका साक्षीको बकपत्र
- ग. प्रतिवादीका साक्षीको बकपत्र
- घ. अ.बं. १३९ नं.बमोजिम बुझिएको मानिसको बयान

ङ.	सद्देकीर्तेमा प्रतिवादीको बयान

च.	सद्देकीर्तेमा वादीको प्रतिवाद बयान

छ.	लुटपीट मुद्दामा हक कायम तर्फ गरेको बयान

ज.	वादी प्रतिवादीको नातामा वयान

झ.	सर्जमिन व्यहोरा

ञ.	नक्सा मुचुल्का

ट.	वुझिएको सवुद प्रमाण वा लिखतको व्यहोरा

ठ.	कुनै निकायबाट प्राप्त पत्र वा लिखतको व्यहोरा

४.	सुरु तहको अदालत /निकायबाट भएको फैसलाको मुख्य अंश

५.	पुनरावेदन तहको अदालतमा वादी /प्रतिवादीको पुनरावेदन जिकिरको मुख्य अंश

६.	पुनरावेदन तहको अदालतबाट भएका मुख्य मुख्य आदेश व्यहोरा

७.	पुनरावेदन अदालतबाट वुझिएको थप प्रमाण कुनै भए सोको व्यहोरा

८.	वादी प्रतिवादीको लिखित प्रतिवाद व्यहोरा

९.	पुनरावेदन तहको अदालतको फैसलाको मुख्य अंश

१०.	सर्वोच्च अदालत समक्ष वादी /प्रतिवादीको पुनरावेदन जिकिर

११.	सर्वोच्च अदालतबाट भएका आदेश र सोको कार्यान्वयनको अवस्था

१२.	सर्वोच्च अदालतबाट वुझिएको थप प्रमाण कुनै भए सोको व्यहोरा

१३.	लिखित वहस नोट

| टिपोटकर्ताको– | टिपोट जाँच गर्नेको– |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

## अनुसूची–२

## सर्वोच्च अदालतको मुद्धा टिपोटको ढाँचा (ख)

सर्वोच्च अदालत

फौज्दारी तर्फको पुनरावेदन मुद्दाको टिपोट

(आन्तरिक प्रयोजनका लागि)

मुद्दाः

संवत २०.... सालको फौ.पु.नं....

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री..................................... पुनरावेदक/वादी /प्रतिवादी

बिरुद्ध

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री................................. विपक्षी/प्रत्यर्थी/वादी /प्रतिवादी

### मुद्दा कारवाहीको संक्षिप्त विवरण

| | |
|---|---|
| शुरु अदालतः | शुरु अदालतबाट फैसला भएको मितिः |
| शुरु तहमा फैसला गर्ने न्यायाधीशको नामः | शुरु फैसलाको संक्षिप्त व्यहोराः |
| शुरु फैसला सुनि पाएको/फैसलाको नक्कल लिएको मितिः | पुनरावेदक /प्रत्यर्थी थुनामा रहेको भए निजको नामः |
| पुनरावेदक /प्रत्यर्थी थुनामा रहेको मितिः | शुरु अदालतबाट पुनरावेदन गर्ने म्याद दिए नदिएको व्यहोराः |
| पुनरावेदन अदालतमा पुनरावेदन म्याद पाउने सवैको पुनरावेदन गर्ने म्याद भुक्तान भए नभएको व्यहोराः | पुनरावेदन अदालतको नामः |
| पुनरावेदन अदालतमा पुनरावेदनपत्र दर्ता मितिः | पुनरावेदन अदालतमा प्रत्यर्थि झिकाउने /दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने आदेश गर्ने न्यायाधीशको नामः |
| पुनरावेदन अदालतमा प्रत्यर्थि झिकाउने /दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने आदेश भएको मितिः | पुनरावेदन अदालतमा प्रत्यर्थि झिकाउने आदेश भएकोमा सबै प्रतिवादीहरु हाजिर भए नभएको व्यहोराः |
| पुनरावेदन अदालतमा हाजिर हुने प्रत्यर्थीको नामः<br>पुनरावेदन अदालतमा गैरहाजिर हुने प्रत्यर्थीको नामः | पुनरावेदन अदालतमा फैसला गर्ने न्यायाधीशको नामः |

| | |
|---|---|
| पुनरावेदन अदालतको फैसला मितिः | पुनरावेदन अदालतको फैसलाको मुख्य व्यहोराः |
| पुनरावेदन अदालतले पुनरावेदन गर्ने म्याद दिए नदिएको व्यहोराः | पुनरावेदन अदालतको फैसलाको जनाउ पाएको/नक्कल लिएको मितिः |
| पुनरावेदन अदालतले दिएको पुनरावेदन गर्ने म्याद रित पुर्वक तामेल भए नभएको व्यहोराः | सर्वोच्च अदालतमा पुनरावेदन म्याद पाउने सवैको पुनरावेदन गर्ने म्याद भुक्तान भए नभएको व्यहोराः |
| सर्वोच्च अदालतमा म्याद भित्र पुनरावेदन गर्नेको नामः- | सर्वोच्च अदालतमा म्याद भित्र पुनरावेदन नगर्नेको नामः- |
| सर्वोच्च अदालतमा पुनरावेदनपत्र /निवेदनपत्र दर्ता मितिः- | सर्वोच्च अदालतमा विपक्षी झिकाउने/ दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने / मुद्धा दोहोर्याउने निस्सा प्रदान गर्ने/पुनरावेदन अनुमति प्रदान गर्ने/ पुनरावलोकनको निस्सा प्रदान गर्ने माननीय न्यायाधीशको नामः |
| सर्वोच्च अदालतमा विपक्षी झिकाउने / दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने / मुद्धा दोहोर्याउने निस्सा प्रदान गर्ने/पुनरावेदन अनुमति प्रदान गर्ने / पुनरावलोकनको निस्सा प्रदान गर्ने आदेश भएको मितिः | सर्वोच्च अदालतमा प्रत्यर्थि झिकाउने आदेश /मुद्धा दोहोर्याउने निस्सा प्रदान गर्ने/पुनरावेदन अनुमति प्रदान गर्ने / पुनरावलोकनको निस्सा प्रदान गर्ने भएकोमा सबै प्रतिवादीहरु हाजिर भए नभएको व्यहोराः |
| सर्वोच्च अदालतमा हाजिर हुने प्रत्यर्थीको नामः<br>सर्वोच्च अदालतमा गैरहाजिर हुने प्रत्यर्थीको नामः | शुरु मिसिल प्राप्त भए नभएको व्यहोरा र सोको संख्याः |
| प्रमाण मिसिल प्राप्त भए नभएको व्यहोरा र सोको संख्याः | जिल्ला अदालतको फैसला साधकको रुपमा जाँचेको नजाँचेको व्यहोराः- |
| मेलमिलापमा पठाउने आदेशः- | मेलमिलापमा पठाउने आदेश भएको मितिः- |
| लगाउका मुद्दाहरु कुनै भए सो मुद्दाको विवरणः | मुद्धा हेर्न नमिल्ने माननीय न्यायाधीशको नामः |
| पक्ष विपक्षले पेश गरेको लिखत र अदालतका फैसलामा उल्लेख भएको सम्बद्ध नजिरहरुः- | मुद्दासंग सम्बन्धित कानूनः- |
| कुनै चिज वस्तु वा लिखत जाँच गर्ने नमुना लिने नक्सा गर्ने लिखत झिकाउने विशेषज्ञ वुझ्ने लगायतका मुद्दासंग सम्बन्धित कुनै विषयमा कुनै आदेश भएको भए सोको व्यहोराः- | आदेश मितिः- |
| अदालतबाट भएको आदेश बमोजिम हुन लेखि पठाएको /खटाएको /सूचना दिएको मितिः- | आदेश वमोजिम कार्य सम्पन्न प्रतिवेदन /काम तामेल भएको वा सोको जानकारी प्राप्त भएको मितिः- |
| पुनरावेदक पक्षबाट पेशी हटाएको पटकः- | पुनरावेदकबाट पेशी हटाएको पछिल्लो मितिः- |
| विपक्षी/प्रत्यर्थीबाट पेशी हटाएको पटकः- | विपक्षी/प्रत्यर्थी पक्षबाट पेशी हटाएको पछिल्लो मितिः- |

| | |
|---|---|
| पुनरावेदकको कानून व्यवसायीको नामः- | विपक्षी/प्रत्यर्थीको कानून व्यवसायीको नामः- |
| पेशी मितिः- | हेर्दा हेर्दै भए सो व्यहोराः- |
| निर्णय सुनाउने मिति तोकिएको भए सो व्यहोराः- | फैसला मितिः- |

पुनरावेदन अदालत...... / विषेश अदालत...... /...... न्यायाधिकरण.......को मिति ..........को फैसला / आदेश उपर न्याय प्रशासन ऐन , २०४८ को दफा ९ बमोजिम वादी /प्रतिवादी ....... को तर्फबाट यस अदालतमा पुनरावेदन परेको;

वा

न्याय प्रशासन ऐन , २०४८ को दफा १२ बमोजिम वादी /प्रतिवादी ....... को तर्फबाट मुद्धा दोहोर्या ई हेरी पाउन परेको निवेदनमा यस अदालतबाट मुद्धा दोहोर्याई हेर्ने निस्सा प्रदान भई पुनरावेदनको रुपमा दायर भएको;

वा

राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम वादी /प्रतिवादी ....... को तर्फबाट पुनरावेदनको लागि अनुमति पाउन परेको निवेदनमा यस अदालतबाट पुनरावेदन गर्ने अनुमति प्रदान भई पुनरावेदनको रुपमा दायर हुन आएको;

वा

न्याय प्रशासन ऐन २०४८ को दफा ११ बमोजिम वादी /प्रतिवादी ....... को तर्फबाट पुनरावलोकनको लागि परेको निवेदनमा यस अदालतबाट पुनरावलोकन गर्ने निस्सा प्रदान भई पुनरावेदनको रुपमा दायर हुन आएको;

प्रस्तुत मुद्धाको संक्षिप्त टिपोट यस प्रकार छः

(लिखत वा कागजातको मितिका आधारमा क्रम मिलाई टिपोट गर्नु पर्ने)

१. जाहेरी / प्रतिवेदन व्यहोरा

२. लासजाँच प्रकृति / खानतलासी / वरामदी / बस्तुस्थिति मुचुल्का

३. वुझिएका मानिसहरुको भनाई वा वुझिएका कागजातहरु

४. घटना विवरण कागज

५. प्रतिवादीको अनुसन्धानको क्रममा भएको वयान कागज

६. शव / दशी प्रमाण / लिखत / स्वास्थ्य परीक्षण प्रतिवेदन व्यहोरा

७. अभियोग मागदावी

८. सुरु तहको अदालत / निकायमा भएको प्रतिवादीको वयान

९. सुरु तहको अदालत / निकायबाट भएका आदेश व्यहोरा

१०. जाहेरवाला / वादीका साक्षीको बकपत्र

११. प्रतिवादीका साक्षीको बकपत्र

१२. अनुसन्धानको क्रममा बुझिएको मानिसको बकपत्र

१३. विषेशज्ञको वकपत्र

१४. सद्देकीर्तेमा प्रतिवादीको बयान

१५. सद्देकीर्तेमा वादीको प्रतिवाद बयान

१६. वुझिएको सवुद प्रमाण व्यहोरा

१७. कुनै निकायबाट प्राप्त पत्र वा लिखतको व्यहोरा

१८. सुरु तहको अदालत /निकायबाट भएको फैसलाको मुख्य अंश

१९. पुनरावेदन तहको अदालतमा वादी /प्रतिवादीको पुनरावेदन जिकिरको मुख्य अंश

२०. पुनरावेदन तहको अदालतबाट भएका मुख्य मुख्य आदेश व्यहोरा

२१. पुनरावेदन तहको अदालतबाट वुझिएको थप प्रमाण

२२. वादी प्रतिवादीको लिखित प्रतिवाद व्यहोरा

२३. पुनरावेदन तहको अदालतको फैसलाको मुख्य अंश

२४. सर्वोच्च अदालत समक्ष वादी /प्रतिवादीको पुनरावेदन जिकिर

२५. सर्वोच्च अदालतबाट भएका आदेश व्यहोरा

२६. लिखित वहस नोट

टिपोटकर्ताको–
सहीः
नामः
पदः
मितिः

टिपोट जाँच गर्नेको–
सहीः
नामः
पदः
मितिः

**अनुसूची–३**

**सर्वोच्च अदालतको मुद्धा टिपोटको ढाँचा (ग)**

सर्वोच्च अदालत

रिट निवेदनतर्फको मुद्दाको टिपोट

(आन्तरिक प्रयोजनका लागि)

मुद्दाः

संवत २०.... सालको रिट नं....

रिट निवेदन दर्ता मितिः

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री...............................................................रिट निवेदक

बिरुद्ध

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री....................................................................विपक्षी

लगाउका मुद्धाहरुः (कुनै भए उल्लेख गर्ने)

प्रमाण मिसिल संलग्न रहेको भए कुन अदालत /निकायको प्रमाण मिसिल हो सो र सोको संख्याः

मुद्धा हेर्न नमिल्ने माननीय न्यायाधीशको नामः

कारण देखाउ आदेश जारी गर्ने :- माननीय न्यायाधीश श्री

आदेश मिति :-

निवेदक........ले नेपालको अन्तरिम संविधान , २०६३ धारा १०७ / नेपालको संविधान २०७२ को धारा १३३ बमोजिम .................आदेश जारी गरी पाउँ भनी निवेदन पेश भै यस अदालतमा विचाराधिन रहेको प्रस्तुत रिट मुद्धाको संक्षिप्त टिपोट यस प्रकार छः

(लिखत वा कागजातको मितिका आधारमा क्रम मिलाई टिपोट गर्नु पर्ने)

१. रिट निवेदन व्यहोरा

२. कारण देखाउ आदेश /अन्तरिम आदेश/अग्राधिकार आदेश

३. प्रत्येक विपक्षीबाट पेश भएको लिखित जवाफको व्यहोरा अलग अलग टिपोट गर्ने

४. सर्वोच्च अदालतबाट भएका अन्य आदेशहरु र आदेश कार्यान्वयनको अवस्था

५. लिखित वहस नोट

| | |
|---|---|
| टिपोटकर्ताको– | टिपोट जाँच गर्नेको– |
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

**अनुसूची–४**

**पुनरावेदन अदालतको मुद्धा टिपोटको ढाँचा (क)**

पुनरावेदन अदालत..........
देवानी तर्फको पुनरावेदन मुद्दाको टिपोट
(आन्तरिक प्रयोजनका लागि)

मुद्दाः
संवत २०.... सालको दे.पु.नं....
पुनरावेदनपत्र/मुद्दा दर्ता मितिः

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...
टोल.............. बस्ने श्री..................................... पुनरावेदक/वादी /प्रतिवादी

बिरुद्ध

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...
टोल.............. बस्ने श्री..................................... विपक्षी/प्रत्यर्थी/वादी /प्रतिवादी

**मुद्दा कारवाहीको संक्षिप्त विवरण**

| | |
|---|---|
| शुरु अदालतः | शुरु अदालतबाट फैसला भएको मितिः |
| शुरु तहमा फेसला गर्ने न्यायाधीशको नामः | शुरु फैसलाको संक्षिप्त व्यहोराः |
| शुरु फैसला सुनि पाएको/फैसलाको नक्कल लिएको मितिः | पुनरावेदक /प्रत्यर्थी थुनामा रहेको भए निजको नामः |
| पुनरावेदक /प्रत्यर्थी थुनामा रहेको मितिः | शुरु अदालतबाट पुनरावेदन गर्ने म्याद दिए नदिएको व्यहोराः |
| जिल्ला अदालतले दिएको पुनरावेदन गर्ने म्याद रित पुर्वक तामेल भए नभएको व्यहोराः | पुनरावेदन म्याद पाउने सवैको पुनरावेदन गर्ने म्याद भुक्तान भए नभएको व्यहोराः |
| पुनरावेदन अदालतमा म्याद भित्र पुनरावेदन गर्नेको नामः- | पुनरावेदन अदालतमा म्याद भित्र पुनरावेदन नगर्नेको नामः- |
| पुनरावेदन म्याद पाउने सवैको पुनरावेदन गर्ने म्याद भुक्तान भए नभएको व्यहोराः- | पुनरावेदन अदालतमा पुनरावेदनपत्र /निवेदनपत्र दर्ता मितिः- |
| प्रत्यर्थि झिकाउने /दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने आदेश गर्ने न्यायाधीशको | प्रत्यर्थि झिकाउने /दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने आदेश भएको मितिः |

| | |
|---|---|
| नामः- | |
| प्रत्यर्थि झिकाउने आदेश भएकोमा सबै प्रतिवादीहरु हाजिर भए नभएको व्यहोराः | हाजिर हुने प्रत्यर्थीको नामः<br>गैरहाजिर हुने प्रत्यर्थीको नामः |
| शुरु मिसिल प्राप्  भए नभएको व्यहोरा र सोको संख्याः | प्रमाण मिसिल प्राप्त  भए नभएको व्यहोरा र सोको संख्याः |
| मेलमिलापमा पठाउने आदेशः- | मेलमिलापमा पठाउने आदेश भएको मितिः- |
| लगाउका मुद्दाहरु कुनै भए सो मुद्दाको विवरणः | मुद्धा हेर्न नमिल्ने माननीय न्यायाधीशको नामः |
| पक्ष विपक्षबाट पेश भएको वा जिल्ला अदालतको फैसलामा उल्लेख भएको सम्बद्ध नजिरः- | मुद्दासंग सम्बद्ध कानूनः |
| कुनै चिज वस्तु वा लिखत जाँच गर्ने नमुना लिने नक्सा गर्ने लिखत झिकाउने विशेषज्ञ वुझ्ने लगायतका मुद्दासंग सम्बन्धित कुनै विषयमा कुनै आदेश भएको भए सोको व्यहोराः- | आदेश मितिः- |
| अदालतबाट भएको आदेश बमोजिम हुन लेखि पठाएको /खटाएको /सूचना दिएको मितिः- | आदेश वमोजिम कार्य सम्पन्न प्रतिवेदन /काम तामेल भएको वा सोको जानकारी प्राप्त भएको मितिः- |
| पुनरावेदक पक्षबाट पेशी हटाएको पटकः- | पुनरावेदकबाट पेशी हटाएको पछिल्लो मितिः- |
| विपक्षी/प्रत्यर्थीबाट पेशी हटाएको पटकः- | विपक्षी/प्रत्यर्थी पक्षबाट पेशी हटाएको पछिल्लो मितिः- |
| पुनरावेदकको कानून व्यवसायीको नामः- | विपक्षी/प्रत्यर्थीको कानून व्यवसायीको नामः- |
| पेशी मितिः- | हेर्दा हेर्दै भए सो व्यहोराः- |
| निर्णय सुनाउने मिति तोकिएको भए सो व्यहोराः- | फैसला मितिः- |

.........जिल्ला अदालत / .......को मिति ..........को फैसला / आदेश उपर न्याय प्रशासन ऐन, २०४८ को दफा ८ बमोजिम वादी/प्रतिवादी....... को तर्फबाट यस अदालतमा पुनरावेदनपत्र पेश भई दायर भएको प्रस्तुत मुद्धाको संक्षिप्त टिपोट यस प्रकार छः

(लिखत वा कागजातको मितिका आधारमा क्रम मिलाई टिपोट गर्नु पर्ने)

१. फिराद दावी

२. प्रतिउत्तर जिकिर

३. मुद्दाको कारवाई प्रकृयाको सिलसिलामा मिसिलमा संलग्न रहने निम्न लिखत वा कागजातहरु मध्ये जे जुन संलग्न छन् ति लिखत वा कागजातको मितिको क्रम मिलाई टिपोट गर्नेः

   क. सुरु अदालतबाट भएका साक्षी वुझ्ने, नाप नक्सा गर्ने, तायदाती पेश गर्ने, प्रमाण परीक्षण गर्ने, कागज प्रमाण झिकाउने लगायतका आदेशको व्यहोरा

   ख. वादीका साक्षीको बकपत्र

ग. प्रतिवादीका साक्षीको बकपत्र

घ. अ.बं. १३९ नं.बमोजिम बुझिएको मानिसको बयान

ङ. सद्देकीर्तेमा प्रतिवादीको बयान

च. सद्देकीर्तेमा वादीको प्रतिवाद बयान

छ. लुटपीट मुद्दामा हक कायम तर्फ गरेको बयान

ज. वादी प्रतिवादीको नातामा वयान

झ. सर्जमिन व्यहोरा

ञ. नक्सा मुचुल्का

ट. वुझिएको सवुद प्रमाण वा लिखतको व्यहोरा

ठ. कुनै निकायबाट प्राप्त पत्र वा लिखतको व्यहोरा

४. सुरु तहको अदालत /निकायबाट भएको फैसलाको मुख्य अंश

५. पुनरावेदन अदालतमा वादी /प्रतिवादीको पुनरावेदन जिकिरको मुख्य अंश

६. पुनरावेदन अदालतबाट भएका मुख्य मुख्य आदेश व्यहोरा

७. पुनरावेदन अदालतबाट वुझिएको थप प्रमाण कुनै भए सोको व्यहोरा

८. वादी प्रतिवादीको लिखित प्रतिवाद व्यहोरा

९. लिखित वहस नोट

| टिपोटकर्ताको– | टिपोट जाँच गर्नेको– |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

## अनुसूची–५
## पुनरावेदन अदालतको मुद्धा टिपोटको ढाँचा (ख)

पुनरावेदन अदालत......

फौज्दारी तर्फको पुनरावेदन मुद्दाको टिपोट

(आन्तरिक प्रयोजनका लागि)

मुद्दाः

संवत २०.... सालको फौ.पु.नं....

पुनरावेदनपत्र/मुद्दा दर्ता मितिः

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री...................................... पुनरावेदक/वादी /प्रतिवादी

बिरुद्ध

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री...................................... विपक्षी/प्रत्यर्थी/वादी /प्रतिवादी

### मुद्दा कारवाहीको संक्षिप्त विवरण

| | |
|---|---|
| शुरु अदालतः | शुरु अदालतबाट फैसला भएको मितिः |
| शुरु तहमा फेसला गर्ने न्यायाधीशको नामः | शुरु फैसलाको संक्षिप्त व्यहोराः |
| शुरु फैसला सुनि पाएको/फैसलाको नक्कल लिएको मितिः | पुनरावेदक /प्रत्यर्थी थुनामा रहेको भए निजको नामः |
| पुनरावेदक /प्रत्यर्थी थुनामा रहेको मितिः | शुरु अदालतबाट पुनरावेदन गर्ने म्याद दिए नदिएको व्यहोराः |
| जिल्ला अदालतले दिएको पुनरावेदन गर्ने म्याद रित पुर्वक तामेल भए नभएको व्यहोराः | पुनरावेदन म्याद पाउने सवैको पुनरावेदन गर्ने म्याद भुक्तान भए नभएको व्यहोराः |
| पुनरावेदन अदालतमा म्याद भित्र पुनरावेदन गर्नेको नामः- | पुनरावेदन अदालतमा म्याद भित्र पुनरावेदन नगर्नेको नामः- |
| पुनरावेदन म्याद पाउने सवैको पुनरावेदन गर्ने म्याद भुक्तान भए नभएको व्यहोराः- | पुनरावेदन अदालतमा पुनरावेदनपत्र /निवेदनपत्र दर्ता मितिः- |
| प्रत्यर्थि झिकाउने /दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने आदेश गर्ने न्यायाधीशको नामः- | प्रत्यर्थि झिकाउने /दोहोरो पुनरावेदन परेकोमा एक अर्कालाई सुनाउने आदेश भएको मितिः |

| | |
|---|---|
| प्रत्यर्थि झिकाउने आदेश भएकोमा सबै प्रतिवादीहरु हाजिर भए नभएको व्यहोराः | हाजिर हुने प्रत्यर्थीको नामः<br>गैरहाजिर हुने प्रत्यर्थीको नामः |
| शुरु मिसिल प्राप्  भए नभएको व्यहोरा र सोको संख्याः | प्रमाण मिसिल प्राप्त  भए नभएको व्यहोरा र सोको संख्याः |
| मेलमिलापमा पठाउने आदेशः- | मेलमिलापमा पठाउने आदेश भएको मितिः- |
| लगाउका मुद्दाहरु कुनै भए सो मुद्दाको विवरणः | मुद्धा हेर्न नमिल्ने माननीय न्यायाधीशको नामः |
| पक्ष विपक्षबाट पेश भएको वा जिल्ला अदालतको फैसलामा उल्लेख भएको सम्बद्ध नजिरः- | मुद्दासंग सम्बद्ध कानूनः |
| कुनै चिज वस्तु वा लिखत जाँच गर्ने नमुना लिने नक्सा गर्ने लिखत झिकाउने विशेषज्ञ वुझ्ने लगायतका मुद्दासंग सम्बन्धित कुनै विषयमा कुनै आदेश भएको भए सोको व्यहोराः- | आदेश मितिः- |
| अदालतबाट भएको आदेश बमोजिम हुन लेखि पठाएको /खटाएको /सूचना दिएको मितिः- | आदेश वमोजिम कार्य सम्पन्न प्रतिवेदन /काम तामेल भएको वा सोको जानकारी प्राप्त भएको मितिः- |
| पुनरावेदक पक्षबाट पेशी हटाएको पटकः- | पुनरावेदकबाट पेशी हटाएको पछिल्लो मितिः- |
| विपक्षी/प्रत्यर्थीबाट पेशी हटाएको पटकः- | विपक्षी/प्रत्यर्थी पक्षबाट पेशी हटाएको पछिल्लो मितिः- |
| पुनरावेदकको कानून व्यवसायीको नामः- | विपक्षी/प्रत्यर्थीको कानून व्यवसायीको नामः- |
| पेशी मितिः- | हेर्दा हेर्दै भए सो व्यहोराः- |
| निर्णय सुनाउने मिति तोकिएको भए सो व्यहोराः- | फैसला मितिः- |

......जिल्ला अदालत /...... को मिति ..........को फैसला /आदेश उपर न्याय प्रशासन ऐन, २०४८ को दफा ८ बमोजिम वादी /प्रतिवादी ....... को तर्फबाट यस अदालतमा पुनरावेदन पत्र पेश भई  दायर भएको प्रस्तुत मुद्धाको संक्षिप्त टिपोट यस प्रकार छः

(लिखत वा कागजातको मितिका आधारमा क्रम मिलाई टिपोट गर्नु पर्ने)

१. जाहेरी /प्रतिवेदन व्यहोरा

२. लासजाँच प्रकृति /खानतलासी/वरामदी/बस्तुस्थिति मुचुल्का

३. वुझिएका मानिसहरुको भनाई वा वुझिएका कागजातहरु

४. घटना विवरण कागज

५. प्रतिवादीको अनुसन्धानको क्रममा भएको वयान कागज

६. शव/दशी प्रमाण/लिखत/स्वास्थ्य परीक्षण प्रतिवेदन व्यहोरा

७. अभियोग मागदावी

८. सुरु तहको अदालत /निकायमा भएको प्रतिवादीको वयान

९. सुरु तहको अदालत /निकायबाट भएका आदेश व्यहोरा

१०. जाहेरवाला/वादीका साक्षीको बकपत्र

११. प्रतिवादीका साक्षीको बकपत्र

१२. अनुसन्धानको क्रममा बुझिएको मानिसको बकपत्र

१३. विषेशज्ञको वकपत्र

१४. सद्देकीर्तेमा प्रतिवादीको बयान

१५. सद्देकीर्तेमा वादीको प्रतिवाद बयान

१६. वुझिएको सवुद प्रमाण व्यहोरा

१७. कुनै निकायबाट प्राप्त पत्र वा लिखतको व्यहोरा

१८. सुरु तहको अदालत /निकायबाट भएको फैसलाको मुख्य अंश

१९. पुनरावेदन अदालतमा वादी /प्रतिवादीको पुनरावेदन जिकिरको मुख्य अंश

२०. पुनरावेदन अदालतबाट भएका मुख्य मुख्य आदेश व्यहोरा

२१. पुनरावेदन अदालतबाट वुझिएको थप प्रमाण

२२. वादी प्रतिवादीको लिखित प्रतिवाद व्यहोरा

२३. लिखित वहस नोट

| टिपोटकर्ताको– | टिपोट जाँच गर्नेको– |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

**अनुसूची–६**

**पुनरावेदन अदालतको मुद्धा टिपोटको ढाँचा (ग)**

पुनरावेदन अदालत.....

रिट निवेदनतर्फको मुद्दाको टिपोट

(आन्तरिक प्रयोजनका लागि)

मुद्दाः

संवत २०.... सालको रिट नं....

रिट निवेदन दर्ता मितिः

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री.................................... ........................रिट निवेदक

बिरुद्ध

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री.................................... ...................................विपक्षी

लगाउका मुद्धाहरुः (कुनै भए उल्लेख गर्ने)

प्रमाण मिसिल संलग्न रहेको भए कुन अदालत /निकायको प्रमाण मिसिल हो सो र सोको संख्याः

मुद्धा हेर्न नमिल्ने माननीय न्यायाधीशको नामः

कारण देखाउ आदेश जारी गर्ने :- माननीय न्यायाधीश श्री

आदेश मितिः-

निवेदक........ले नेपालको संविधान २०७२ को धारा १४४ / न्याय प्रशासन ऐन २०४८ को दफा ८ बमोजिम ................ को आदेश जारी गरी पाउँ भनी निवेदन पेश भै यस अदालतमा विचाराधिन रहेको प्रस्तुत रिट मुद्धाको संक्षिप्त टिपोट यस प्रकार छः

(लिखत वा कागजातको मितिका आधारमा क्रम मिलाई टिपोट गर्नु पर्ने)

१. निवेदन व्यहोरा

२. कारण देखाउ आदेश / अन्तरिम आदेश/अग्राधिकार आदेश

३. प्रत्येक विपक्षीबाट पेश भएको लिखित जवाफको व्यहोरा अलग अलग टिपोट गर्ने

४. पुनरावेदन अदालतबाट भएका अन्य आदेशहरु र आदेश कार्यान्वयनको अवस्था

५. लिखित वहस नोट

| टिपोटकर्ताको– | टिपोट जाँच गर्नेको– |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

**अनुसूची–७**

**जिल्ला अदालतको मुद्दा टिपोटको ढाँचा (क)**

...... जिल्ला अदालत

देवानी तर्फको मुद्दाको टिपोट

(आन्तरिक प्रयोजनका लागि)

मुद्दाः

संवत २०.... सालको दे.नं....

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री.................................... ..................................वादी

बिरुद्ध

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री.................................... ................................प्रतिवादी

लगाउका मुद्धाहरुः (कुनै भए उल्लेख गर्ने)

प्रमाण मिसिल संलग्न रहेको भए कुन अदालत /निकायको प्रमाण मिसिल हो सो र सोको संख्याः

**वादी मुख्य दावीः-** **वादीको प्रमाणः-**

**प्रतिवादीको मुख्य प्रतिवादः-** **प्रतिवादीको प्रमाणः-**

**सुनरवाईको प्रकृतिः- नियमित / वन्द / निरन्तर**

**मुद्दा कारवाहीको संक्षिप्त विवरणः**

| | |
|---|---|
| मुद्दा दर्ता आदेश मितिः- | मुद्दा दर्ता मितिः- |
| कोर्ट फि राखे नराखेकोः- | कोर्ट फि राखेकोमा सोको रकमः- |
| इतलायनामा मितिः- | इतलायनामा तामेली मितिः- |
| म्याद भित्र प्रतिउत्तरपत्र पेश गर्ने प्रतिवादीको नामः- | प्रतिउत्तरपत्र दर्ता मितिः- |
| प्रतिउत्तरपत्र पेश गर्ने म्याद थामी प्रतिउत्तर पेश गर्ने प्रतिवादीको नामः- | म्याद थामी प्रतिउत्तरपत्र दर्ता मितिः- |
| म्याद गुजार्ने प्रतिवादीको नामः- | इतलायनामा तामेलीको स्थितिः<br>रितपुर्वकको:- वेरित पूर्वकको:- |
| वेरित पूर्वक म्याद तामेल भएको भए सो म्याद वदर गरी पुनः म्याद जारी गर्ने आदेश भएको मितिः- | पुनः जारी भएको म्यादको मितिः- |
| पुनः म्याद तामेली वा पत्रिकामा प्रकाशित मितिः- | वादी प्रतिवादी वीच तारेख जोडिएको मितिः- |

| | |
|---|---|
| वादीले तारेख गुजारे नगुजारेको स्थितिः- | गुजारेको भए सोको पटक र मितिः- |
| प्रतिवादीले तारेख गुजारे नगुजारेको स्थितिः- | गुजारेको भए सोको पटक र मितिः- |
| प्रमाण मुकरर आदेश मितिः- | वुझ्न आदेश भएको प्रमाणको विवरणः- |
| मेलमिलापमा पठाउने आदेशः- | मेलमिलापमा पठाउने आदेश भएको मितिः- |
| मेलमिलापको स्थितिः- | मेलमिलाप असफल भएकोमा जानकारी प्रप्त भएको मितिः- |
| अ.वं.१३९ नं. बमोजिम वुझिएको व्यक्तिको नाम थर वतन र म्याद जारी भएको मितिः- | अ.वं.१३९ नं. बमोजिम वुझिएको व्यक्तिको वयानको मितिः- |
| अ.वं.७८ / ८० नं. बमोजिमको बयान गराउनु पर्नेमा सो व्यक्तिको नामः- | अ.वं.७८/८० नं. बमोजिम को बयान भएकोमा सो वयान भएको मितिः- |
| अ.वं. १३३ नं बमोजिम कागज गराएको भए सो काजग गर्ने व्यक्तिको नामः- | अ.वं. १३३ नं बमोजिम कागज गराएको मितिः- |
| वादीको साक्षीको नामः- | वादीको साक्षीको बकपत्र मितिः- |
| प्रतिवादीको साक्षीको नामः- | प्रतिवादीको साक्षीको बकपत्र मितिः- |
| कुनै चिज वस्तु वा लिखत जाँच गर्ने, नमुना लिने, नक्सा गर्ने, ट्रायल चेक गर्ने, दर्ता श्रेस्ता वा कुनै लिखत झिकाउने, तायदाती पेश गर्ने, लगायतका मुद्दासंग सम्बन्धित कुनै विषयमा कुनै आदेश भएको भए सोको व्यहोराः- | आदेश मितिः- |
| अदालतबाट भएको आदेश बमोजिम हुन लेखि पठाएको / खटाएको /सूचना दिएको मितिः- | आदेश वमोजिम कार्य सम्पन्न प्रतिवेदन /काम तामेल भएको जानकारी प्राप्त भएको मितिः- |
| लगाउको मुद्दाः- | वादी प्रतिवादीवाट पेश भएको नजिरः- |
| वादी पक्षबाट पेशी हटाएको पटकः- | वादी पक्षबाट पेशी हटाएको पछिल्लो मितिः- |
| प्रतिवादी पक्षबाट पेशी हटाएको पटकः- | प्रतिवादी पक्षबाट पेशी हटाएको पछिल्लो मितिः- |
| बादीको कानून व्यवसायीको नामः- | प्रतिवादीको कानून व्यवसायीको नामः- |
| पेशी मितिः- | फैसला मितिः- |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ बमोजिम वादी ....... को तर्फबाट यस अदालतमा फिरादपत्र पेश भई दायर भएको प्रस्तुत मुद्धाको संक्षिप्त टिपोट यस प्रकार छः

(लिखत वा कागजातको मितिका आधारमा क्रम मिलाई टिपोट गर्नु पर्ने)

१. फिरादपत्रको व्यहोरा

२. प्रतिउत्तरपत्रको व्यहोरा

३. मुद्दाको कारवाई प्रकृयाको सिलसिलामा मिसिलमा संलग्न रहने निम्न लिखत वा कागजातहरु मध्ये जे जुन संलग्न छन् ति लिखत वा कागजातको मितिको क्रम मिलाई टिपोट गर्नेः

क. सुरु अदालतबाट भएका साक्षी वुझ्ने , नाप नक्सा गर्ने, तायदाती पेश गर्ने, प्रमाण परीक्षण गर्ने, कागज प्रमाण झिकाउने लगायतका आदेशको व्यहोरा

ख. वादीका साक्षीको बकपत्र

ग. प्रतिवादीका साक्षीको बकपत्र

घ. अ.बं. १३९ नं.बमोजिम बुझिएको मानिसको बयान

ङ. सद्देकीर्तेमा प्रतिवादीको बयान

च. सद्देकीर्तेमा वादीको प्रतिवाद बयान

छ. लुटपीट मुद्दामा हक कायम तर्फ गरेको बयान

ज. वादी प्रतिवादीको नातामा वयान

झ. सर्जमिन व्यहोरा

ञ. नक्सा मुचुल्का

ट. वुझिएको सवुद प्रमाण वा लिखतको व्यहोरा

ठ. कुनै निकायबाट प्राप्त पत्र वा लिखतको व्यहोरा

४. वादी प्रतिवादीको लिखित प्रतिवाद व्यहोरा

५. लिखित वहस नोट

| टिपोटकर्ताको– | टिपोट जाँच गर्नेको– |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

## अनुसूची–८

**जिल्ला अदालतको मुद्धा टिपोटको ढाँचा (ख)**

...... जिल्ला अदालत

फौज्दारी तर्फको मुद्दाको टिपोट

(आन्तरिक प्रयोजनका लागि)

मुद्दाः

संवत २०.... सालको फौ.नं....

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री.................................... ..................................वादी

बिरुद्ध

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल.............. बस्ने श्री.................................... ............................प्रतिवादी

लगाउका मुद्धाहरुः (कुनै भए उल्लेख गर्ने)

प्रमाण मिसिल संलग्न रहेको भए कुन अदालत /निकायको प्रमाण मिसिल हो सो र सोको संख्याः

**वादीको मुख्य माग दावीः-** **वादीको प्रमाणः-**

**प्रतिवादीको मुख्य जिकिरः-** **प्रतिवादीको प्रमाणः-**

**सुनरवाईको प्रकृतिः- नियमित / वन्द / निरन्तर**

**मुद्दा कारवाहीको संक्षिप्त विवरण**

| | |
|---|---|
| मुद्दा दर्ता आदेश मितिः- | मुद्दा दर्ता मितिः- |
| चुक्ता प्रतिवादीको संख्याः- | चुक्ता प्रतिवादीको नामः- |
| चुक्ता प्रतिवादीको वयान भएको मिति | थुनछेक आदेश मितिः- |
| थुनछेक आदेशको संक्षिप्त व्यहोराः- | थुनामा रहने प्रतिवादीको नामः- |
| जिन्सी आम्दानी वाँधेको भए सो व्यहोराः | जिन्सी सामान फिर्ता दिएको भए सोको व्यहोराः |
| धरौट /तारेखमा रहने प्रतिवादीको नामः- | समाह्वान पक्राउ पुर्जी वारेण्ट जारी मितिः- |
| समाह्वान पक्राउ पुर्जी वारेण्ट तामेली मितिः- | समाह्वान पक्राउ पुर्जी वारेण्ट बमोजिम हाजिर हुने प्रतिवादीको नामः- |
| समाह्वान पक्राउ पुर्जी वारेण्ट बमोजिम प्रतिवादी हाजिर भएको मितिः- | समाह्वान पक्राउ पुर्जी वारेण्ट बमोजिम हाजिर हुने प्रतिवादीको वयान भएको मितिः- |

| | |
|---|---|
| फरार प्रतिवादीको नामः- | फरार प्रतिवादी हाजिर भएको मितिः- |
| समाह्वान पक्राउ पुर्जी वारेण्ट तामेलीको स्थितिः<br>रितपुर्वकको:- वेरित पूर्वकको:- | वेरित पूर्वक तामेल भएको भए पुनः समाह्वान पक्राउ पुर्जी वारेण्ट जारी गर्ने आदेश भएको मितिः- |
| पुनः जारी भएको समाह्वान पक्राउ पुर्जी वारेण्ट को मितिः- | प्रतिवादीले तारेख गुजारे नगुजारेको स्थितिः-<br>गुजारेको भए सोको मितिः- |
| वादीको साक्षीको नामः- | वादीको साक्षीको बकपत्र मितिः- |
| प्रतिवादीको साक्षीको नामः- | प्रतिवादीको साक्षीको बकपत्र मितिः- |
| जाहेरवाला पीडित प्रत्यक्षदर्शीलाईअ वं ११५ नं. बमोजिम वुझ्ने आदेश भएको मितिः- | अ वं ११५ नं. बमोजिम म्याद तेमली मितिः- |
| अ वं ११५ नं. बमोजिम वुझिएका व्यक्तिहरुको नामः- | अ वं ११५ नं. बमोजिम वुझिएका व्यक्तिहरुको वकपत्रको मितिः- |
| कुनै चिज वस्तु वा लिखत जाँच गर्ने नमुना लिने नक्सा गर्ने लिखत झिकाउने विशेषज्ञ वुझ्ने लगायतका मुद्दासंग सम्बन्धित कुनै विषयमा कुनै आदेश भएको भए सोको व्यहोराः- | आदेश मितिः- |
| अ.वं.७८ / ८० नं. बमोजिमको बयान गराउनु पर्नेमा सो व्यक्तिको नामः- | अ.वं.७८/८० नं. बमोजिम को बयान भएकोमा सो वयान भएको मितिः- |
| अदालतबाट भएको आदेश बमोजिम हुन लेखि पठाएको / खटाएको /सूचना दिएको मितिः- | आदेश वमोजिम कार्य सम्पन्न प्रतिवेदन /काम तामेल भएको जानकारी प्राप्त भएको मितिः- |
| फरारीको हकमा अंश रोक्काप आदेश मितिः- | फरारीको हकमा अंश रोक्काभ गर्न लेखि पठाएको मितिः- |
| लगाउको मुद्दाः- | वादी प्रतिवादीवाट पेश भएको नजिरः- |
| वादी पक्षबाट पेशी हटाएको पटकः- | वादी पक्षबाट पेशी हटाएको पछिल्लो मितिः- |
| प्रतिवादी पक्षबाट पेशी हटाएको पटकः- | प्रतिवादी पक्षबाट पेशी हटाएको पछिल्लो मितिः- |
| बादीको कानून व्यवसायीको नामः- | प्रतिवादीको कानून व्यवसायीको नामः- |
| पेशी मितिः- | फैसला मितिः- |

न्याय प्रशासन ऐन , २०४८ को दफा ७ बमोजिम वादी ....... को तर्फबाट यस अदालतमा फिरादपत्र/अभियोगपत्र पेश भई दायर भएको प्रस्तुत मुद्धाको संक्षिप्त टिपोट यस प्रकार छः

(लिखत वा कागजातको मितिका आधारमा क्रम मिलाई टिपोट गर्नु पर्ने)

१. जाहेरी /प्रतिवेदन व्यहोरा
२. लासजाँच प्रकृति / खानतलासी / वरामदी / बस्तुस्थिति मुचुल्का
३. वुझिएका मानिसहरुको भनाई वा वुझिएका कागजातहरु
४. घटना विवरण कागज
५. प्रतिवादीको अनुसन्धानको क्रममा भएको वयान कागज
६. शव / दशी प्रमाण / लिखत / स्वास्थ्य परीक्षण प्रतिवेदन व्यहोरा
७. अभियोग मागदावी
८. यस अदालतमा भएको प्रतिवादीको वयान
९. यस अदालतबाट भएका आदेश व्यहोरा
१०. जाहेरवाला / वादीका साक्षीको बकपत्र
११. प्रतिवादीका साक्षीको बकपत्र
१२. अनुसन्धानको क्रममा बुझिएको मानिसको बकपत्र
१३. विषेशज्ञको वकपत्र
१४. सद्देकीर्तेमा प्रतिवादीको बयान
१५. सद्देकीर्तेमा वादीको प्रतिवाद बयान
१६. वुझिएको सवुद प्रमाण व्यहोरा
१७. कुनै निकायबाट प्राप्त पत्र वा लिखतको व्यहोरा
१८. वादी प्रतिवादीको लिखित प्रतिवाद व्यहोरा
१९. लिखित वहस नोट

| टिपोटकर्ताको– | टिपोट जाँच गर्नेको– |
| --- | --- |
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

**अनुसूची–९**

**जिल्ला अदालतको मुद्धा टिपोटको ढाँचा (ग)**

........ जिल्ला अदालत

रिट निवेदनतर्फको मुद्दाको टिपोट

(आन्तरिक प्रयोजनका लागि)

मुद्दाः

संवत २०.... सालको रिट नं....

निवेदन दर्ता मितिः

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल............... बस्ने श्री..................................... .......................रिट निवेदक

बिरुद्ध

.........जिल्ला..................न.पा./गा.वि.स. वडा नं. ...

टोल............... बस्ने श्री..................................... ..................................विपक्षी

लगाउका मुद्धाहरुः (कुनै भए उल्लेख गर्ने)

प्रमाण मिसिल संलग्न रहेको भए कुन अदालत /निकायको प्रमाण मिसिल हो सो र सोको संख्याः

कारण देखाउ आदेश जारी गर्ने :- माननीय न्यायाधीश श्री

आदेश मिति :-

निवेदक........ले नेपालको संविधान २०७२ को धारा १५१ / न्याय प्रशासन ऐन २०४८ को दफा ७ बमोजिम ................ को आदेश जारी गरी पाउँ भनी निवेदन पेश भै यस अदालतमा विचाराधिन रहेको प्रस्तुत रिट मुद्धाको संक्षिप्त टिपोट यस प्रकार छः

(लिखत वा कागजातको मितिका आधारमा क्रम मिलाई टिपोट गर्नु पर्ने)

१. निवेदन व्यहोरा

२. कारण देखाउ आदेश / अन्तरिम आदेश/अग्राधिकार आदेश

३. प्रत्येक विपक्षीबाट पेश भएको लिखित जवाफको व्यहोरा अलग अलग टिपोट गर्ने

४. यस अदालतबाट भएका अन्य आदेशहरु र आदेश कार्यान्वयनको अवस्था

५. लिखित वहस नोट

| टिपोटकर्ताको– | टिपोट जाँच गर्नेको– |
|---|---|
| सहीः | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |